# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, साउन ०९ गते, २०७९ साल (अतिरिक्ताङ्क ८


## भाग १

### बागमती प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. ३

### विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ को दफा १० मा संशोधनः** विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा १० को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) दफा ७ बमोजिम प्रदेश सरकारबाट प्रदान हुने सम्मान र पदकको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकायले योग्य ठानेका व्यक्ति, संस्था वा निकायलाई सिफारिसको क्षेत्र र सोको आधार र कारण समेत खुलाई मन्त्रालयले तोकेको सूचित समयावधिभित्र दफा ८ बमोजिमको समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालय वा निकायबाट प्राप्त सिफारिस समेतलाई मध्यनजर गरी दफा ८ बमोजिमको सिफारिस समितिले सम्मान र

पदक पाउने व्यक्ति, संस्था वा निकायलाई सम्मान र पदक पाउने आधार र कारण समेत खोली प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा सिफारिस समितिले उपदफा (१) बमोजिम सिफारिस भई आएका व्यक्ति, संस्था वा निकायको अतिरिक्त उक्त समितिले योग्य ठहऱ्याएका अन्य व्यक्ति, संस्था वा निकायलाई निजको योगदानको कदर स्वरूप आधार र कारण खोली सिधै सिफारिस गर्न सक्नेछ ।"

(२) उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (२) र (३) बमोजिम गरेको सिफारिस अनुसार प्रदेश सरकारले दफा ११ को उपदफा (१) बमोजिम तोकेको समयावधि भन्दा कम्तिमा एक महिना अगावै त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको घोषणा गर्नु पर्नेछ।"

३. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्तिलाई प्रदेश प्रमुखले प्रत्येक वर्ष प्रदेश सरकारले तोकेको कुनै सार्वजनिक समारोह, अवसर वा उत्सव पारी पदक सहित सम्मानपत्र प्रदान गर्नेछ ।"

४. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेको "लागत" भन्ने शब्द हटाइएको छ ।

(२) उपदफा (२) मा रहेको "तोके" भन्ने शब्दको सट्टा "सम्मान र पदक प्रदानको घोषणा गर्दाका बखत निर्धारण गरेको सङ्ख्या" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकको ढाँचा, आकार र प्रकार अनुसार लाग्ने लागत र सोमा प्रयोग हुने धातुको मात्रा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।"

**आज्ञाले,**
**नारायण प्रसाद शर्मा**
**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७९।०४।०९



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-